जिल्ला प्रशासन कार्यालय, बाजुराको संयोजनमा जिल्ला सुरक्षा समिति, बाजुरा र बाजुरा जिल्लाका स्थानीय तहहरुबीचको समन्वय बैठकबाट भएका निर्णयहरु :-

<u>एजेण्डाहरु:</u>

१. जिल्लालाई प्राप्त हुन आएको PCR प्रयोगशाला स्थापना र सञ्चालन सम्बन्धी बिषय,

२. कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि भैरहेका प्रयासहरुको समीक्षा तथा आगामी दिनमा चाल्नुपर्ने कदमहरुबारे ।

३. विविध

<u>निर्णयहरु:</u>

१. जिल्लामा PCR प्रयोगशाला नहुँदा कोरोनाको भरपर्दो परीक्षण हुन नसक्नुका साथै अन्य रोगहरुको उपचारको क्रममा पनि आवश्यक प्याथोलोजी परीक्षण हुन नसकी गत बर्षबाट नै प्रयोगशाला स्थापनाका लागि पहल भई रहेको सन्दर्भमा संघीय सरकारबाट हालै प्रयोगशाला स्थापना गर्न आवश्यक पर्ने महत्वपूर्ण सामान प्राप्त भएको भएता पनि सो जडान गर्न अझै धेरै उपकरणहरु आवश्यक पर्ने; जिल्ला अस्पतालको भवन निर्माण कार्य सम्पन्न भई नसकेकाले भवन निर्माण सम्पन्न नभएसम्म कोठा भाडामा लिनुपर्ने; अर्को व्यवस्था नभएसम्म कम्तिमा ४ जना जनशक्तिका लागि आवश्यक पर्ने तलबभत्ता साथै जडान खर्च (Installation Charge) र सञ्चालन खर्च पनि प्रवन्ध गर्नुपर्ने स्वास्थ्य कार्यालय र जिल्ला अस्पतालका विज्ञहरुबाट जानकारी प्राप्त भएकाले सोको सञ्चालन व्यवस्थापनका लागि देहाय बमोजिम गर्ने:

   क. तत्काल प्रयोगशाला जडान गर्न तथा कम्तिमा ६ महिनासम्म प्रयोगशाला सञ्चालन गर्न आवश्यक पर्ने बजेटका लागि जिल्ला स्तरमा एउटा कोषको स्थापना गर्ने ।

   ख. उक्त कोषमा सवै स्थानीय तहहरुले रु १० लाखका दरले **<u>जिल्ला विपद व्यवस्थापन समितिको खातामा</u>** रकम जम्मा गर्ने । जस मध्ये कम्तिमा ६० प्रतिशत रकम २०७८ जेठ १५ गते भित्र र बाँकी ४० प्रतिशत रकम २०७८ भाद्र मसान्त भित्र जम्मा गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मार्तडी, बाजुरा

ग. जिल्ला समन्वय समितिका प्रमुख संयोजक, प्रमुख जिल्ला अधिकारी सह-संयोजक तथा सबै स्थानीय तहका प्रमुखहरु र जिल्ला अस्पतालका अध्यक्ष सदस्य एवं जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख सदस्य सचिव रहेको सञ्चालक समिति गठन गर्ने ।

घ. प्रयोगशाला स्थापना तथा सञ्चालन क्रममा गर्नुपर्ने आवश्यक कार्यहरु सम्बन्धी निर्णय लिन तथा अनुगमन समेतका लागि संचालक समितिका संयोजक, सह संयोजकका अतिरिक्त बडीमालिका नगरपालिका, बुढीगंगा नगरपालिका, त्रिवेणी नगरपालिकाका प्रमुख, गौमुल गाउँपालिकाका अध्यक्ष तथा प्रदेश सभा निर्वाचन क्षेत्र नं. **क** का ४ वटा स्थानीय तहका प्रमुख/अध्यक्ष मध्ये १ जना, जिल्ला अस्पतालका अध्यक्ष, PCR प्रयोगशाला प्रमुख र स्वास्थ्य कार्यालय प्रमुख सदस्य रहेको व्यवस्थापन समिति रहने । व्यवस्थापन समितिले गरेका हरेक निर्णयहरु सोहीदिन इमेल मार्फत सञ्चालक समितका सदस्यहरुलाई जानकारी दिनुपर्ने ।

ङ. प्रयोगशाला स्थापना, कर्मचारी भर्ना लगायतका कार्यहरुमा व्यवस्थापन समितिलाई प्राविधिक परामर्श उपलब्ध गराउन स्वास्थ्य कार्यालय, बाजुराका प्रमुख वा अधिकृत प्रतिनिधि, जिल्ला अस्पतालका मे.सु.,बडीमालिका नगरपालिकाको स्वास्थ्य संयोजक रहेको प्राविधिक समिति गठन गर्ने ।

च. २०७८ श्रावण १ गते देखि प्रयोगशालामा संलग्न रहने जनशक्तिको लागि आवश्यक पर्ने तलब सुबिधा तथा प्रयोगशालाका लागि आवश्यक सञ्चालन खर्च उपलब्ध गराई दिन नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सुदूरपश्चिम प्रदेश सरकारलाई अनुरोध गर्ने ।

छ. जिल्ला अस्पतालको भवन निर्माण हुनासाथ प्रयोगशाला उक्त भवन सार्ने कुरा सुनिश्चित गर्न अस्पताल व्यवस्थापन समितिको बैठकबाट उक्त कुरा निर्णय गराई अस्पतालका अध्यक्ष र मे.सु. को हस्ताक्षर सहितको प्रतिबद्धता पत्र जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयमा ७ दिन भित्र पठाउने।

२. कोभिड १९ को संक्रमणबाट जिल्लाबासी नागरिकहरुलाई जोगाउन जिल्लास्तर तथा स्थानीयतहहरुबाट भईरहेको पहलको समीक्षा गर्दा हालसम्मको प्रयास सन्तोषजनक रहेको भएतापनि संक्रमण अझै बढिरहेको; ठूला शहरहरुका अस्पतालहरुमा समेत अक्सिजन र बेड अभाव भैरहेको सन्दर्भ समेतलाई दृष्टीगत गरी सो को रोकथाम र नियन्त्रणका लागि देहाय बमोजिमका थप कार्यहरु समेत गर्ने ।

क. कोरोना महामारी र यसबाट जोगिन अपनाउनुपर्ने सावधानीका बिषयमा जनचेतनामूलक अभियानहरुलाई स्थानीय तहहरुले वडा तथा टोलहरुसम्म अझ प्रभावकारी रुपमा लैजाने ।यस्ता अभियानमा संलग्नहरुले सुरक्षाका मापदण्डहरुलाई पूर्णरुपमा पालना गर्ने ।

ख. जिल्ला बाहिर (भारत तथा नेपालकै पनि बिभिन्न शहरमा) रोजगारी वा अन्य सिलसिलामा गई कोरोना महामारीका बीच घर आउनेहरुले अनिवार्य रुपमा कम्तिमा १० दिन घरभित्रै क्वारेन्टाइनमा बस्नुपर्ने नियमलाई कडाइका साथ पालना गर्न लगाउने ।यसको अनुगमन वडास्तरका जनप्रतिनिधि र स्थानीय प्रहरीले सुरक्षा मापदण्ड अपनाएर गर्ने

ग. स्थानीय तहहरुले आवश्यक संख्यामा आइसोलेशन वार्ड/बेड बिस्तार गर्ने । विकल्प भएसम्म विद्यालयहरुमा संक्रमितहरुलाई नराख्ने ।

घ. जिल्लामा एन्टिजेन किटको न्यून उपलब्धता तथा सम्भावित संक्रमित व्यक्तिहरुको अनिच्छा समेतले गर्दा कोभिड १९ को संक्रमण परीक्षण उल्लेख्य रुपमा हुन नसकिरहेको सन्दर्भममा परीक्षणको दायरा बढाउन आवश्यक पहल गर्ने । यसका लागि थप एन्टिजेन किट उपलब्ध गराईदिन प्रदेश सरकारलाई अनुरोध गर्ने । स्थानीय तहहरुले पनि अविलम्ब आवश्यक संख्यामा किट खरिद गरी सो को जानकारी DCCMC लाई समेत गराउने ।

ङ. जिल्लामा अक्सिजन सिलिण्डर (ठुला साना सिलिण्डर गरी) जम्मा ७५ मात्र रहेको । जिल्लाभित्र सडक पूर्वाधार भरपर्दो नभएको, वर्षात प्रारम्भ हुनासाथ सडक अवरुद्ध हुने गरेको, पालिका वीचको दुरि पनि धेरै रहेको तथा पालिकाहरुले सिलिण्डर खरिद गर्न चाहेको भएतापनि बजारमा सिलिण्डरको अभाव रहेको साथै ढुवानी गर्न उपयुक्त सवारी साधन पनि नभएकाले एक

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मार्तडी, बाजुरा

ठाँउमा भएका सिलिण्डर तत्काल अर्को ठाउँमा पुर्याउने सम्भावना नभएको हुँदा जिल्लाकोलागि तत्काललाई ५० थान सिलिण्डर उपलब्ध गराईदिन नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, CCMC, सुदूरपश्चिम प्रदेश, सामाजिक विकास मन्त्रालय र PCCMC लाई अनुरोध गर्ने ।

च. यस सम्बन्धमा CCMC, PCCMC र DCCMC बाट हुने निर्णयहरु पूर्णरुपमा पालना गर्ने गराउने ।

३. विद्यालय बन्द रहेको समयमा शिक्षक शिक्षिकाहरु विद्यालयको सम्पर्कमा नै रहेर पठनपाठनका वैकल्पिक उपायहरु अवलम्बन तथा जनचेतनामूलक कार्यक्रममा संलग्न हुनुपर्नेमा कतिपय सामुदायिक विद्यालयका शिक्षकहरु विदा वा काज स्वीकृत नगराई विद्यालयक्षेत्र भन्दा बाहिर गएको गुनासो आउने गरेकाले सबै स्थानीय तहहरुले आवश्यक अनुगमन गरी बिदा वा काज स्वीकृत नगराई कुनै शिक्षक अनुपस्थित रहेको पाईएमा आवश्यक कार्वाही गर्ने । त्यस्ता शिक्षकहरुको विवरण जिल्ला प्रशासन कार्यालयमा समेत पठाउने । साथै अन्य कर्मचारीहरु समेत विदा वा काज स्कीकृत नगराई कार्यक्षेत्र भन्दा बाहिर गएको गुनासो प्राप्त भएकाले सम्बन्धित कार्यालय प्रमुखले उक्त कर्मचारीहरुलाई कारवाही गरी सोको जानकारी जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

०७८।०१।०५
समीर भण्डारी
प्रमुख जिल्ला अधिकारी